संयुक्त राष्ट्र संघ **सिसिपिआर/सि/११२/डि/२०६५/२०१३**

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध

वितरणः साधारण
मे १४, २०१८
मूल प्रति: अङ्ग्रेजी

मानव अधिकार समिति

उजुरी नं. २२६५/२०१३ का सम्बन्धमा ऐच्छिक आलेखको धारा ५(४) अन्तर्गत समितिले ग्रहण गरेको अभिमत*, **

उजुरी पेश गर्ने:	हिमाल र देवी शर्मा (प्रतिनिधित्व गर्ने, ट्रायल: ट्र्याक इम्प्यूनिटि अलवेज (TRIAL: Track Impunity Always) का कानूनी सल्लाहकार फिलिप ग्रान्ट)
दाबी गरिएको पीडित:	उजुरीकर्ताहरू
पक्ष राष्ट्र:	नेपाल
उजुरी मिति:	अप्रिल २२, २०१३ (२०७०/०१/०९)
सन्दर्भ सामग्रीहरू:	समितिको कार्यविधि नियमावलीको नियम ९७ बमोजिम निर्णय लिइएको, राज्य पक्षलाई जुलाई ११, २०१३ (२०७०/०३/२७) सम्प्रेषण गरिएको (दस्तावेजको रूपमा जारी नगरिएको)
अभिमत ग्रहण गरिएको मिति:	अप्रिल ६, २०१८ (२०७४/१२/२३)
विषयवस्तु:	बलपूर्वक बेपत्ता पार्ने कार्य
कार्यविधिगत विषय:	पर्याप्त मात्रामा आरोप पुष्टि गर्न असफल; सबै घरेलु उपचारको उपभोग गरिसकेको
सारभूत विषयः	बाँच्न पाउने हक; यातना र क्रुर तथा अमानवीय व्यवहारमा प्रतिबन्ध; व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकार; मानव व्यक्तिमा निहित मर्यादाको सम्मान; कानुनको दृष्टिमा व्यक्तिको रूपमा पहिचान; व्यक्तिको पारिवारिक जीवनमा स्वेच्छाचारी र गैरकानूनी हस्तक्षेप हुन नहुने अधिकार; प्रभावकारी कानूनी उपचारको

अधिकार

अनुबन्धका धाराहरू: *धारा २(३), ६, ७, ९, १०(१), १६ र १७*

ऐच्छिक आलेखको धाराहरूः *२; ५(२) (ख)*

*** समितिको १२२ औं सत्रबाट ग्रहण गरिएको (मार्च १२- अप्रिल ६ २०१८)**

**** उजुरीको छानविनमा समितिका निम्न सदस्यहरूले सहभागिता जनाएका थिए: याध देन अचौर, इल्ज़े ब्रान्ड्स केह्रिस, अहमद अमिन फथाल्ला, क्रिस्टोफ हेय्न्स, युजी इवासावा, इभाना जेलिक, बामेरियम कोइता, डंकन लाकी मुहुमुज़ा, फोतिनी पजर्ताजिस, मौरो पोलिटि, खोसे मान्युएल सान्तोस पाइस्, युवल श्यानी, र मर्गो वाटरभल**

१. यस उजुरीको उजुरीकर्ता अप्रिल २४, १९६९ (२०२६/०१/१२) मा जन्मिएका नेपाली नागरिक हिमाल शर्मा र अप्रिल १४, १९७० (२०२७/०१/०१) मा जन्मिएकी उनकी पत्नी नेपाली नागरिक देवी शर्मा हुन्। पक्ष राष्ट्रले शर्माको अनुबन्धको धारा ६, ७, ९, १०(१) र १६ का साथसाथै धारा २(३) अन्तर्गतको अधिकार तथा उनकी पत्नीको अनुबन्धको धारा ७ का साथसाथै धारा २(३) अन्तर्गतको अधिकार तथा अनुबन्धको धारा १७ अन्तर्गतको अधिकारको उल्लङ्घन गरेको दाबी उनीहरूले लिएका छन्। उजुरीकर्ताहरूको प्रतिनिधित्व कानुनि सल्लाहकारद्वारा गरिएको छ।

उजुरीकर्ताहरूद्वारा प्रस्तुत तथ्य

२.१ सन् १९९६ फेब्रुअरी (२०५२ फाल्गुन) मा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले शासक वर्ग विरुद्ध "जनयुद्ध" घोषणा गर्यो र सरकार विरुद्ध विद्रोहको सुरुवात गर्यो। त्यो विद्रोह द्रुत गतिमा देशव्यापी रूपमा नै फैलियो फलस्वरूप दश वर्ष लामो सशस्त्र सङ्घर्ष चल्यो। माओवादीले गरेका आतंककारी हमलाहरूले गर्दा सृजना भएको गम्भीर अवस्थाका कारण नोभेम्वर २६, २००१ (२०५८/०८/११) देखि अगस्ट २०, २००२ (२०५९/०५/०४) सम्मका लागि सङ्कटकाल घोषणा गरियो। सङ्कटकालीन अवस्थामा अनुबन्धको धारा ४ बमोजिम निलम्बन गर्न सकिने अधिकारहरू निलम्बित गरियो। नोभेम्बर २६, २००१ (२०५८/०८/११) मा नेपाल सरकारले आतंककारी गतिविधिमा संलग्न रहेको शंका लागेको आधारमा नेपाली सेनाले कुनै व्यक्तिलाई पक्राउ गर्न र तिनलाई अभियोगपत्र बिना नै ९० दिनसम्म थुनामा राख्न सक्ने अधिकार दिने गरी आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन ल्यायो। सङ्कटकालीन अवस्था समाप्त भइसकेपछि पनि द्वन्द्वरत् दुवै पक्षद्वारा स्वेच्छाचारी रूपमा थुनामा राख्ने, बलपूर्वक बेपत्ता पार्ने, यातना दिने तथा गैर-न्यायिक हत्या गर्ने जस्ता गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरू निरन्तर रूपमा भइरहे।

२.२ बलपूर्वक वा अस्वेच्छिक रूपमा बेपत्ता पारिएका व्यक्तिहरू सम्बन्धी कार्यदलका अनुसार सन् २००३ र २००४ मा कार्यदललाई सूचित गरिएका बलपूर्वक बेपत्ता पारिएकासम्बन्धी केसहरूको सङ्ख्या अन्य देशमा भन्दा नेपालमा धेरै थियो। कार्यदलले सन् २००४ को आफ्नो प्रतिवेदनमा नेपालमा बलपूर्वक बेपत्ता पार्ने कार्य व्यापक रूपमा भएको र तिनका अभियुक्तहरू राजनीतिक

तथा कानुनी संरक्षण पाउने गरेको भनी उल्लेख गरेको थियो।[1] सन् २००३ देखि २००६ को अवधिमा काठमाडौँको महाराजगन्जमा रहेको नेपाली सेनाको भैरवनाथ गणको ब्यारेक नेपाल कम्युनिस्ट पार्टी (माओवादी) सँग सम्बद्ध रहेको शंका लागेका व्यक्तिहरूलाई गैरकानुनी थुनामा राख्ने राजधानीको मुख्य स्थान बनेको थियो। उक्त ब्यारेकमा बन्दीहरूलाई बलपूर्वक बेपत्ता पार्ने, यातना दिने तथा उनीहरूको हत्या गर्ने कार्य गरियो।[2]

२.३ यो मुद्दासँग सम्बन्धित घटनाहरू हुँदा शर्मा माओवादीसँग सम्बद्ध अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी)का महासचिव थिए। आफूलाई अक्टोबर २१, २००३(२०६०/०७/०४) मा सादा पोशाक लगाएका सैनिक अधिकारीहरूले काठमाडौंबाट पक्राउ गरेको उनले बताएका छन्। उनलाई आँखामा पट्टि लगाएर र हात बाँधेर गैर सैनिक जीपमा राखेर सैनिक भ्यानहरूले पहरा दिँदै महाराजगंजमा रहेको सेनाको ब्यारेकमा लगिएको थियो।

२.४ अक्टोवर २९, २००३ (२०६०/०७/१२) मा उनलाई स्वेच्छाचारी ढङ्गले थुनामा राखी बलपूर्वक बेपत्ता पारिएको दाबी गर्दै उनकी पत्नीले नेपालको सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गरेकी थिइन्। सोही दिन आफ्नो पति कहाँ र कस्तो स्थितिमा रहेको सम्बन्धमा सोधपुछ गर्न उनी जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पनि गएकी थिइन्। प्रमुख जिल्ला अधिकारीले शर्माको पक्राउमा आफ्नो कुनै संलग्नता नरहेको जानकारी दिए र उनको उजुरी लिन नमानी उल्टै शर्माको स्थिति र उनी कहाँ र कस्तो स्थितिमा रहेको सम्बन्धमा कुनै कारबाही अगाडि बढाए उनी र उनको परिवारलाई पक्राउ गर्ने धम्की दिए। शर्माकी पत्नीले दायर गरेको रिट निवेदनका सम्बन्धमा तदानुसार अक्टोवर ३० मा सर्वोच्च अदालतबाट शर्मा कहाँ र कस्तो स्थितिमा रहेको सम्बन्धमा सम्पूर्ण सूचना खुलाउन मुद्दाका विपक्षी सरकारी निकायहरूको नाउँमा आदेश जारी भयो। सोही दिन शर्माका सम्बन्धमा यातना र अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय सम्बन्धी विशेष प्रतिवेदक र बलपूर्वक वा अस्वेच्छिक रूपमा बेपत्ता पारिएका व्यक्तिहरू सम्बन्धी कार्यदलका अध्यक्षले संयुक्त रूपमा आपत्कालिन आह्वान जारी गरेका थिए।

---

[1] The authors refer to E/CN.4/2005/65/Add.1, paras. 7–9, 25 and 27, and Amnesty International (AI), Urgent Appeal, AI Index: ASA 31/03/2000 (February 2000), p. 2.

[2] The authors refer to Office of the United Nations High Commissioner for Human Rights, Nepal, "Report of investigation into arbitrary detention, torture and disappearances at Maharajgunj RNA barracks, Kathmandu, in 2003–2004" (May 2006).

२.५ सर्वोच्च अदालतको आदेशको जबाफमा नोभेम्बर २००३ (२०६३ मङ्सिर) मा विपक्षी सरकारी निकायहरूले शर्मा बेपत्ता हुनुमा आफूहरूको कुनै संलग्नता नभएको तथा सो सम्बन्धमा कुनै जानकारी नभएको बताएका थिए। सोही महिनामा शर्माकी पत्नीले उनको पतिलाई पक्राउ गरेको तथा बेपत्ता पारिएको सम्बन्धमा काठमाडौं जिल्ला प्रहरी कार्यालयमा उजुरी दिने पुन: प्रयास गरिन् तर कार्यालयले उनको उजुरी दर्ता गर्न इन्कार गर्यो। नोभेम्बर ३, २००४ (२०६१/०७/१८) मा शर्माकी पत्नी आफ्नो पति बेपत्ता पारिएको सम्बन्धमा जाहेरी दिन जंगी अड्डा (सेनाको मुख्यालय) गएकी थिइन् तर उनलाई भवनभित्र पस्न दिइएन, उल्टै पक्राउ गर्ने धम्की दिइयो।

२.६ शर्माले आफूलाई महाराजगंज स्थित भैरवनाथ गण ब्यारेकमा अज्ञात हिरासतमा राखिएको बताएका छन्। उनी पक्राउ परेको पहिलो २० दिनसम्म त उनलाई खाना पनि दिइएको थिएन। उनी पक्राउ परेको पहिलो महिना उनलाई झ्याल नभएको सानो कोठामा थुनिएको थियो जहाँ उनी राम्रोसँग उभिन र सुत्न पनि सक्दैनथे। त्यसपछि उनलाई अर्को ठूलो कोठामा थुनियो, तर त्यहाँ सरसफाइको अवस्था अत्यन्तै खराब थियो र उनलाई राम्रोसँग खान पनि दिइएको थिएन। उनको अनुहार हरबखत छोपिएको हुन्थ्यो र हातमा हतकडी हुन्थ्यो। उनलाई अन्य कुनै थुनुवासँग कुराकानी गर्न दिने गरेको थिइएन। नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बारे जानकारी प्राप्त गर्न सुरक्षाकर्मीहरूद्वारा उनलाई बारम्बार यातना दिने तथा दुर्व्यवहार गर्ने गरिन्थ्यो। यातना र दुर्व्यवहारको रूपमा प्लास्टिकको बारले कुटपिट गर्ने, कोर्रा हान्ने, टाउको पानीमा डुबाएर यातना दिने, विद्युतीय झड्का दिने तथा नङ्गमा पिन छिराउने जस्ता कार्य हुन्थे। शर्मा थुनाको शुरुवाती समयमा दिनमा १५ पटकसम्म केरकार गर्ने र कुटपिट गर्ने गरिन्थ्यो भने तत्पश्चात् दिनको दुई वा तीन पटक सो कार्य गरियो। उनलाई बारम्बार मार्ने धम्की दिइने हुँदा उनी निरन्तर डर र त्रासको अवस्थामा रहन्थे। शर्मालाई एक दिन जबरजस्ती उच्च भोल्टेजको विद्युतीय हिटरमा पिसाब गर्न बाध्य बनाइयो। उनलाई झड्का लाग्यो र उनी बेहोस भए। थुनाको अवधिमा उनलाई कुनैपनि औषधि उपचार गरिएन। उनको गुप्ताङ्गमा झड्का दिएपछि मात्र उनलाई दुखाइ कम गर्ने औषधि (पेन किलर) दिइयो। उनलाई गरिएको निर्मम दुर्व्यवहारका कारण उनी स्थायी रूपमा शारिरिक अपाङ्ग भएका छन् र यौन क्षमता पनि गुमाएका छन्। उनको शरीरमा पोषणको कमी भएका बखत धेरै मात्रामा दुखाइ कम गर्ने औषधि दिइएका कारण उनको दाहिने मिर्गौला काम नगर्ने भएको छ।

२.७ थुनामा रही केरकार, दुर्व्यवहार तथा यातना भोग्ने क्रममा शर्माले आफूलाई पक्राउ गर्ने कार्यमा संलग्न सेनाका विभिन्न अधिकारीहरूलाई पहिचान गरेका थिए।

२.८ डिसेम्बर २००३ (२०६० मङ्सिर) को अन्त्यतिर एक रात उनी र अन्य केही थुनुवाहरूलाई कुनै पत्ता नलाग्ने स्थानमा लगिने भनी शर्मालाई भनिएको थियो। उनीहरूलाई समूहबाट छुट्टाइएको थियो, तर थोरै समय लगत्तै उनी र केही अन्य व्यक्तिहरूलाई पुन: ब्यारेकमा नै फर्काइएको थियो। पछि अन्य थुनुवाहरूलाई जंगलमा गोली हानी हत्या गरी पुरेको बारे उनले जानकारी पाए।

२.९ अक्टोबर १२, २००४ (२०६१/०६/२६) मा आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनलाई हटाई त्यसको ठाउँमा सोही नामको अध्यादेश जारी भयो जसले पुर्पक्ष अघि थुनामा राख्ने सकिने अवधिलाई बढाएर एक पटक नवीकरण हुनसक्ने गरी छ महिनासम्मको बनायो। फेब्रुअरी १, २००५ (२०६१/१०/१९) देखि मे ५, २००५ (२०६२/०१/२२) सम्मका लागि अर्को सङ्कटकालीन अवस्थाको घोषणा गरियो। त्यसले गर्दा अनुबन्धको अधिकारहरू पुन: निलम्बित भए।

२.१० फेब्रुअरी ४, २००५(२०६१/१०/२२) मा राष्ट्रिय मानव अधिकार आयोगलाई शर्मालाई बलपूर्वक बेपत्ता पारिएको सम्बन्धमा अनुसन्धानका लागि निर्देशन दिन माग गर्दै शर्माको कानुन व्यवसायीले सर्वोच्च अदालतलाई अनुरोध गरे। सोही दिन सर्वोच्च अदालतबाट अनुसन्धानका लागि आदेश भयो।

२.११ फेब्रुअरी, २००५(२०५९ माघ) मा शर्मालाई गोरखा स्थित महेन्द्रदल गणको ब्यारेकमा सारियो। मार्च ८, २००५ (२०६१/११/२५) मा यातनासम्बन्धी विशेष प्रतिवेदक र बलपूर्वक वा अस्वेच्छिक रूपमा बेपत्ता पारिएका व्यक्तिहरू सम्बन्धी कार्यदलका अध्यक्षले जारी गरेको आपत्कालिन आह्वानका सम्बन्धमा नेपाल सरकारले अन्ततः शर्मा "फेब्रुअरी १४, २००५ (२०६१/११/०३) मा पक्राउ परेको र गोरखा ब्यारेकमा निवारक नजरबन्दमा रहेको" दाबी लिई जबाफ दियो।

२.१२ शर्मालाई गोरखा स्थित महेन्द्रदल गण ब्यारेकमा बन्दी बनाइ राखियो र उनीमाथि सुरक्षाकर्मीहरूको निरन्तर रूपमा दुर्व्यवहार गरिरहे। अन्ततः मार्च २०, २००५ र मार्च २८, २००५ (२०६१/१२/१५) मा शर्माकी पत्नी र उनका कानुन व्यवसायीले उनीसँग भेट गर्न पाए।

२.13 शर्मा बेपत्ता परेको सम्बन्धमा अनुसन्धान गर्न सर्वोच्च अदालतले दिएको आदेशपछि मे १९, २००५ (२०६२/०२/०५) मा राष्ट्रिय मानव अधिकार आयोगले शर्मा कम्तीमा मार्च २५, २००५ (२०६२/०२/११) देखि गोरखा स्थित महेन्द्रदल गण ब्यारेकमा रहेको र थुनाका बखत उनलाई निर्मम मानसिक तथा शारीरिक यातना दिने गरेको कुरा पत्ता लगायो।

२.१४ अगस्ट, २००५ (२०६२ भदौ) मा शर्मालाई काठमाडौं स्थित विरेन्द्र सैनिक अस्पताल लगियो जहाँ उनलाई औषधि उपचार गर्नुको सट्टा आँखामा पट्टि लगाइएकै अवस्थामा कागजातहरूमा हस्ताक्षर गर्न बाध्य गराइयो। तत्पश्चात् लगत्तै उनलाई छाउनी स्थित शाही नेपाली सेनाको प्रथम ब्रिगेडको जगदल गणको हिरासतमा सारियो जहाँ उनलाई तीन दिनसम्म राखियो। पहिलो दिन उनले केही खाना पाएनन्। जब उनले उजुरी गरे उनलाई निर्मम रूपमा कुटपिट गरियो जसले गर्दा उनको दाहिने बङ्गारा भाँचियो र उनको कानको जाली फुट्यो। आजसम्म पनि उनको कानको जाली फुटेकै अवस्थामा छ।

२.१५ डिसेम्बर ५, २००५ (२०६२/०८/२०) मा जिल्ला प्रशासन कार्यालयले शर्मा २००४ को आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशको दफा ४ बमोजिम थुनामा रहेको बतायो। उनलाई प्रारम्भिक रूपमा छ महिनाका लागि थुनामा राखिएको थियो र उनी फेरि पनि आतंककारी गतिविधिमा संलग्न हुनसक्ने भनी अगस्ट, २००५ (२०६२ साउन) मा उनको थुनालाई नवीकरण गरिएको थियो। शर्माको थुना गैरकानुनी भएको भनी डिसेम्बर १५, २००५(२०६२/०८/३०)मा सर्वोच्च अदालतले गरेको आदेशपछि डिसेम्बर १९, २००५(२०६२/०८/२६) मा शर्मालाई रिहा गरिएको थियो। सोही दिन अदालतबाट निस्कँदै गर्दा सादा पोशाकधारी केही व्यक्तिहरूद्वारा उनलाई पुनः पक्राउ गरियो। उनी र उनकी पत्नीलाई जिल्ला प्रहरी कार्यालयमा लगियो। शर्माकी पत्नीलाई लगत्तै रिहा गरियो भने शर्मालाई आतंककारी गतिविधिमा संलग्न भएको सम्बन्धमा पक्राउ पूर्जी जारी गरी थुनामै राखियो। फेब्रुअरी ५, २००६(२०६२/१०/२३) मा

उच्च अदालतद्वारा शर्मालाई विभिन्न आतंककारी सम्बन्धी कसुरको अभियोगपत्र दर्ता गरी काठमाडौँ स्थित नख्खु जेलमा पठाइयो।

२.१६ नोभेम्बर २१, २००६ (२०६३/०८/०५) मा नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले हस्ताक्षर गरेको बृहत् शान्ति सम्झौताका लागि गरिएको समझदारीहरूको पाटोको रूपमा जुलाई १४, २००६ (२०६३/०३/३०) मा शर्मालाई रिहा गरियो र उनी विरुद्धको सम्पूर्ण अभियोग फिर्ता लिइयो। शर्माले आफूसँगै रिहा भएका अन्य तीन समकक्षी थुनुवाहरूको साथमा जुलाई २७, २००६ (२०६३/०४/११) मा उनीहरूको पक्राउ, उनीहरूले पाएको यातना तथा बेपत्ता पारिएको सत्य तथ्य सार्वजनिक रूपमा खुलाई मुख्य आरोपितको नाम उल्लेख गरी सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए। जुन १, २००७ (२०६४/०२/१८) मा शर्माले दर्ता गरेको रिट निवेदनलगायत बेपत्ता पारिएका ८३ जना व्यक्तिहरूको तर्फबाट पेश गरिएका निवेदनहरू उपर सर्वोच्च अदालतबाट फैसला भयो। सर्वोच्च अदालतले बलपूर्वक बेपत्ता गरिएको कार्यलाई अपराधीकरण गर्न र महाराजगंज स्थित भैरवनाथ गण ब्यारेकमा घटाइएका मानव अधिकार उल्लङ्घनका घटनाका सम्बन्धमा छानबिन गर्न र पीडितहरूलाई उचित परिपूरण दिन उच्च-स्तरीय आयोग गठन गर्न सरकारको नाउँमा निर्देशन दियो।

२.१७ सर्वोच्च अदालतको फैसलाका अतिरिक्त शान्ति सम्झौता र सन् २००७ को अन्तरिम संविधान दुबैले बलपूर्वक बेपत्ता पारिएकाका सम्बन्धमा अनुसन्धान गर्नु तथा पीडित तथा तिनका परिवारलाई उपचार प्रदान गर्नु पक्ष राष्ट्रको कानुनी दायित्व भएको उल्लेख गरेको छ। यद्यपि, कुनै अनुसन्धान प्रारम्भ गरिएको छैन र उल्लिखित बलपूर्वक बेपत्ता पारिएका कार्य तथा यातनाका घटनामा जिम्मेवार रहेको भनी पहिचान भएका कसै उपर पनि आपराधिक वा अनुसन्धानात्मक कारबाही गरिएको छैन। त्यसको विपरीत अक्टोबर, २००८ देखि सरकारले शान्ति सम्झौताको शर्त नं. ५(२) (७) अन्तर्गत फौजदारी मुद्दाहरू फिर्ता लिने नीति अवलम्बन गरेको छ जुन नीति अन्तर्गत हजारभन्दा बढी मुद्दाहरू फौजदारी कारबाही नसकिँदै फिर्ता लिनुपर्ने अवस्थाको सिर्जना भयो।

२.१८ सन् २०१८ मा शान्ति तथा पुन: निर्माण मन्त्रालयले अन्तरिम राहत कार्यक्रमको शुरुवात गर्यो। शर्माले "घाउ तथा चोट लागेको" समूह अन्तर्गतको द्वन्द्व पीडित भएको भन्ने आधारमा

मात्र उक्त कार्यक्रमबाट सुविधा लिन पाए। उनले जुन १७, २०११(२०६८/०३/०३) मा अन्तरिम राहत स्वरूप रू. १,००,००० प्राप्त गरेका थिए।[3] कार्यक्रमको कार्यादेश यातना पीडितका लागि क्षतिपूर्ति प्रदान गर्ने नभएको कारणले गर्दा उनले आफूले भोगेको सम्पूर्ण दुर्व्यवहारको लागि भने क्षतिपूर्ति पाएनन्। अक्टोबर २१, २००३(२०६०/०७/०४) देखि फेब्रुअरी १४, २००५(२०६१/११/०३) बीचमा उनलाई महाराजगंज स्थित ब्यारेकमा बलपूर्वक बेपत्ता पारिएको विषयलाई स्वीकार गर्न वा त्यो समयमा उनको अवस्थाको औपचारिक अभिलेख प्रदान गर्न सरकारी निकायहरू हालसम्म पनि इन्कार गर्छन्।

२.१९ डिसेम्बर २७, २००९ (२०६६/०९/१२) मा शर्मा र उनीसँगै महाराजगंज स्थित ब्यारेकमा थुनामा रहेका अन्य दुई पूर्व थुनुवाहरूले ब्यारेकमा हुने बलपूर्वक बेपत्ता पारिने कार्य तथा यातनाको जिम्मेवार रहेको सैनिक अधिकारीहरूको कमाण्डका उपरथी तोरण जंग बहादुर सिंहको बढुवाको विरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए।[4] अक्टोबर १९, २०११(२०६८/०७/०२) मा सर्वोच्च अदालतले तोरण जंग बहादुर सिंहले अवकाश प्राप्त गरिसकेको हुँदा उक्त निवेदनको मूल कानुनी प्रश्नमा फैसला गर्न नमिल्ने भनी फैसला गर्यो ।

उजुरी

३.१ उजुरीकर्ताहरूले शर्मालाई अक्टोबर २१, २००३ (२०६०/०७/०४) देखि फेब्रुअरी १४, २००५ (२०६१/११/०३) सम्म गैरकानुनी पक्राउ गरिएको तथा थुनामा लिएको कार्य बलपूर्वक बेपत्ता पारिएको कार्य भएको र यसले नेपाल पक्ष रहेको अनुबन्धको धारा ६(१), ७, ९(१)-(५), १०(१) र १६ को उल्लङ्घन भएको आरोप लगाएका छन्। शर्माको मुद्दा "जनयुद्ध" का बखत पक्ष राज्यमा सुरक्षाबलले व्यक्ति बेपत्ता पर्ने सम्बन्धमा हाल रहेको व्यवस्था अन्तर्गत पर्ने र त्यस कारण उक्त कसुरलाई कसुरको गम्भीरता बढाउन राज्य जिम्मेवार रहेको दर्शाउने गरी मानवता विरुद्धको कसुर मानिनुपर्ने भन्ने उजुरीकर्ताहरूको दाबी रहेको छ।

३.२ अक्टोबर २१, २००३ (२०६०/०७/०४) देखि मार्च ८, २००५ (२०६१/११/२५) को शर्मालाई बलपूर्वक बेपत्ता पारिएको अवधिमा उनको मृत्यु भएन तर उनको जीवनलाई ठूलो खतरा हुने गरी

[3] Approximately $1,130.

[4] The authors refer to A/HRC/16/48, para. 352, and Office of the United Nations High Commissioner for Human Rights, Nepal, "Report of investigation into arbitrary detention, torture and disappearances at Maharajgunj RNA barracks, Kathmandu, in 2003–2004" (May 2006), p. 66.

उनलाई कानुनको संरक्षणभन्दा बाहिर राखियो।[5] तसर्थ, पक्ष राज्यले अनुबन्धको धारा ६(१) को उल्लङ्घन गरेका छन्। डिसेम्बर २००३ को पछिल्लो समय (परिच्छेद २.८) हुने गरेको स्वेच्छाचारी हत्याको व्यापक अभ्यासले शर्माले भोगेको मृत्युको त्रासलाई झल्काउने विषयलाई चित्रण गर्दछ।

३.३ उजुरीकर्ताहरूका अनुसार बलपूर्वक बेपत्ता गरिने कार्य आफैँमा यातनाको गतिविधि हो र यस्तो कार्यले अनुबन्धको धारा ७ को उल्लङ्घन हुन जान्छ।[6] शर्माले भोग्नुपरेका यातना तथा दुर्व्यवहारका असङ्ख्य घटनाहरूबाट पनि अनुबन्धको धारा ७ को उल्लङ्घन भएको प्रमाणित हुने भन्ने उजुरकर्ताहरूको जिकिर छ। साथै, थुनाको समग्र अवस्था दुर्दशापूर्ण र अपमानजनक रहेको तथा यातनाको अवस्था समाप्त भइसकेपछि स्वास्थ्य हेरचाह वा उपचारको पूर्ण अभाव हुनुले पनि अनुबन्धको धारा ७ को उल्लङ्घन भएको प्रमाणित गर्ने जिकिर उजुरीकर्ताहरूको रहेको छ।

३.४ शर्मालाई बलपूर्वक बेपत्ता पारिएको बखत उनलाई थुनामा लिइनुको कारण खुलाइएको थिएन र उनलाई त्यस बखत नेपालको कानुनले तोकेको अधिकतम समय (१८० दिन र गृह सचिवको अनुमतिमा थप १८० दिन) भन्दा बढी समय अभियोगपत्र बिना नै थुनामा राखिएको थियो। शर्मालाई थुनामा लिएको सम्बन्धमा कुनै पनि औपचारिक अभिलेखमा दर्ता गरिएको थिएन र उनी कहाँ र कस्तो स्थितिमा रहेको बारे उनका आफन्त तथा कानुन व्यवसायीलाई जानकारी दिइएको थिएन तथा उनलाई भेट्न समेत दिइएको थिएन। शर्मालाई न्यायाधीश वा कानुन बमोजिमका अन्य कुनै अधिकारी समक्ष पेश गरिएको थिएन।उनले आफ्नो स्वतन्त्रता हननको वैधानिकतालाई चुनौती दिने मौका पनि पाएनन्। शर्माकी पत्नीले अक्टोबर २९, २००३ (२०६०/०७/१२) मा सर्वोच्च अदालतमा दायर गरेको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनको जबाफ दुई वर्षपछि मात्र आएकाले उक्त रिट निवेदन प्रभावकारी नभएको भन्ने पनि उजुरीकर्ताहरूको जिकिर रहेको छ। उजुरीकर्ताहरूका अनुसार यी तथ्यहरूले अनुबन्धको धारा ९ को (१) देखि (४) सम्मका प्रावधानको उल्लङ्घन गरेको प्रमाणित हुन्छ। शर्मालाई बलपूर्वक बेपत्ता पारिएको अवधि लगत्तै मार्च ८, २००५ (२०६१/११/२५) देखि डिसेम्बर १९, २००५(२०६२/०९/०४) सम्म उनी थुनामा रहे। डिसेम्बर १५, २००५ (२०६२/०५/३०) को सर्वोच्च अदालतको आदेशले गैरकानुनी भनी फैसला गरेको उक्त थुनाले पनि अनुबन्धको दफा ९ को उल्लङ्घन गरेको प्रष्ट हुन्छ।

[5] The authors refer to Guezout et al. v. Algeria (CCPR/C/105/D/1753/2008).
[6] The authors refer to Mojica v. Dominican Republic (CCPR/C/51/D/449/1991), Grioua and Grioua v. Algeria (CCPR/C/90/D/1327/2004) and Celis Laureano v. Peru (CCPR/C/56/D/540/1993).

३.५ उजुरीकर्ताहरूका अनुसार थुनामा शर्माले भोगेको दुरावस्थाले उनको प्रतिष्ठा र मर्यादाहरण भएको थियो जुन अनुबन्धको धारा १०(१) को उल्लङ्घन हो।

३.६ उजुरीकर्ताहरूका अनुसार शर्मालाई बेपत्ता पारिएका बखत राज्यले उनलाई कानुनको संरक्षणबाट बाहिर राखी उनी कहाँ र कस्तो अवस्थामा रहेको भन्ने बारे सूचना प्रदान गर्न इन्कार गरेको कार्यले उनलाई कानुनको दृष्टिमा व्यक्तिको रूपमा पहिचान गर्न असफल भएको बुझिन्छ। तसर्थ, पक्ष राष्ट्रले अनुबन्धको धारा १६ बमोजिमको शर्माको अधिकारको उल्लङ्घन गरेको भन्ने जिकिर उजुरीकर्ताहरूको रहेको छ।

३.७ शर्मालाई स्वेच्छाचारी थुनामा राखिएको, बेपत्ता पारिएको तथा यातना दिइएको कार्यको आधिकारिक, द्रुतगामी, निष्पक्ष र स्वतन्त्र अनुसन्धान गरी उनलाई उचित उपचार प्रदान गर्न तथा आरोपित उपर कारबाही र सजाय गर्न असफल रहेको कार्यले पनि पक्ष राष्ट्रले अनुबन्धको धारा २(३) का साथै धारा ६(१), ७, ९ (१) देखि (४), १०(१) र १६ को उल्लङ्घन गरेको प्रमाणित हुन्छ भन्ने जिकिर उजुरकर्ताहरूको रहेको छ।

३.८ शर्मालाई बेपत्ता पारिएका बखत उनकी पत्नीले भोग्नु परेको गम्भीर मानसिक पीडा तथा त्रास र त्यस बखत राज्यका निकायहरूले देखाएको शत्रुतापूर्ण व्यवहार गर्दा उनले महशुस गरेको अपमान तथा दुर्व्यवहारले गर्दा अनुबन्धको धारा ७ बमोजिमको उनको अधिकार उल्लङ्घन भएको जिकिर उजुरीकर्ताहरूको रहेको छ। उनलाई अझै पनि त्यस बखतको पीडाले झस्काउँछ र निद्रा राम्रोसँग लाग्दैन र बेलाबेला भावुक भएर अतालिन्छिन्।

३.९ गम्भीर रूपमा विक्षिप्त श्रीमती शर्माले आफ्ना तीन बालबच्चाहरूको पालनपोषण र हेरचाह गर्न निकै दुख: कष्ट भोग्नुपर्यो। उनको पतिलाई बलपूर्वक बेपत्ता पारिएको कार्यले उनको पारिवारिक जीवनमा गम्भीर असर परेको छ, तसर्थ यसले अनुबन्धको धारा १७ को उल्लङ्घन गरेको छ।

३.१० घरेलु कानुनी संरचना अनुसार सम्भव नभएको हुँदा शर्माकी पत्नीले कुनै पनि प्रकारको क्षतिपूर्ति वा उपचारको दाबी गर्न सकिनन्। अनुसन्धानको अभाव भएको र शर्माकी पत्नीले

क्षतिपूर्ति पाउने कुनै व्यवस्था नभएको हुँदा अनुबन्धको धारा ७ का साथसाथै धारा २(३) बमोजिम उनको अधिकारको उल्लङ्घन भएकाले सो बमोजिम उनी पीडित भएको प्रमाणित हुन्छ।

३.११ घरेलु उपचारका सम्बन्धमा शर्माकी पत्नीले सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर (परिच्छेद २.४ र २.५) गरेपछि उनले राष्ट्रिय निकायहरूबाट भोगेको शत्रुवत् व्यवहारलाई हेर्दा उनले भोगेको अपमान र पक्राउ गर्ने डर धम्कीको बारेमा प्रहरीमा उजुरी गर्नु प्रयोजनहीन (झनै खतरा भन्न नमिले) रहेको उनको जिकिर रहेको छ। अन्तरिम राहत कार्यक्रमको प्रयोजनका लागि उनलाई पीडित नमानिने हुँदा, उनले सो सुविधाबाट लाभ लिन सकिनन् ।

३.१२ कुनै पनि घरेलु उपचार उनीहरूलाई उपलब्ध नभएको भन्ने थप जिकिर उजुरीकर्ताहरूको रहेको छ। सन् १९९६ को यातना सम्बन्धी क्षतिपूर्ति ऐनले क्षतिपूर्ति मात्र प्रदान गर्दछ, यसले आपराधिक दायित्व सम्बन्धी उपचार प्रदान गर्दैन र यसले ३५ दिनको मात्र म्यादको व्यवस्था गरेको छ। शर्मा डिसेम्बर १९, २००५ (२०६२/०८/३०) मा पहिलो पटक रिहा भए लगत्तै उनलाई पुन: पक्राउ गरेको हुँदा उनले सन् २००३ देखि भोगेको यातनाको सम्बन्धमा कहीँ कतै उजुर गर्ने अवसर पाएनन्। नियमित अदालतले स्वतन्त्र अनुसन्धान गराउन वा त्यस्तो गम्भीर अपराधका लागि आरोपितहरूको जिम्मेवारीका बारेमा कुनै अर्थपूर्ण कुरा पत्ता लगाउन सम्भव हुँदैन। साथै, राज्यले बलपूर्वक बेपत्ता पारिएका घटनाहरूको अनुसन्धान हुनुपर्ने र पीडितलाई उचित उपचार प्रदान गर्नुपर्ने व्यवस्था गर्ने शान्ति सम्झौता, अन्तरिम संविधानको प्रावधान वा जुन १, २००७ (२०६४/०२/१८) को सर्वोच्च अदालतको फैसला कहिले पनि कार्यान्वयन गरेन।

३.13 मार्च १४, २०१३ (२०६९/१२/०१) मा नेपालका राष्ट्रपतिले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धी अध्यादेश, २०६९ (२०१२) जारी गरे। तर उक्त आयोग हालसम्म सञ्चालनमा छैन र उक्त आयोगलाई मुद्दाहरूको अभियोजनका लागि सरकारबाट नियुक्त हुने महान्यायाधिवक्ताकोमा पठाउने मात्र अधिकार हुन्छ र महान्यायाधिवक्ता कुनै स्वतन्त्र संस्था नभएकोले यसलाई प्रभावकारी उपचारका रूपमा लिन नमिल्ने जिकिर उजुरीकर्ताहरूको रहेको छ। यसका साथै उक्त आयोगलाई मनासिब लागेको

अवस्थामा मानव अधिकारको उल्लङ्घन गर्ने आरोपितलाई मागी दिन सक्ने स्वविवेकीय अधिकार दिइएको छ।

३.१४ सम्बन्धित निकायहरूले सङ्क्रमणकालीन न्याय संयन्त्र अन्तर्गत आफ्नो वचनबद्धताको पालना गर्ने विश्वासमा उजुरीकर्ताहरू अपेक्षा गर्दै बसेका थिए तर पछि कुनै पनि प्रभावकारी उपचार नमिल्ने स्पष्ट भयो। उजुरीकर्तालाई अक्टोबर २००३ देखि मार्च २००५ सम्म बलपूर्वक बेपत्ता पारिएको तथ्यलाई आजका दिनसम्म राज्यका निकायहरूले इन्कार गरिरहेका छन्।

३.१५ उजुरीकर्ताहरूले पक्ष राष्ट्रलाई देहाय बमोजिम सिफारिस गर्न माग गरी समिति समक्ष निवेदन गरेका छन्: (क) शर्माको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारमा स्वेच्छाचारी ढङ्गले प्रतिबन्ध लगाउने, उनलाई यातना दिने र बलपूर्वक बेपत्ता पार्ने आरोपितलाई अभियोजन, फैसला तथा कारबाहीका लागि सक्षम गैर-सैनिक निकायका समक्ष उपस्थित गराउने र त्यस्तो कार्यको निष्कर्षलाई सार्वजनिक रूपमा सम्प्रेषण गर्ने; (ख) तत्काल देखिने प्रमाणबाट शर्मा विरुद्धको अपराधमा संलग्नता देखिने सबै सैनिक अधिकारीहरूलाई, अनुसन्धान निष्कर्षमा नपुगिन्जेल सेवाबाट निलम्बन गर्ने; (ग) यातना, बलपूर्वक बेपत्ता पार्ने कार्य तथा स्वेच्छाचारी रूपमा हत्या गर्ने लगायतका गम्भीर मानव अधिकारको उल्लङ्घनका घटनाका आरोपित व्यक्तिले आफ्नो आपराधिक दायित्वबाट उन्मुक्ति पाउने गरी माफी सम्बन्धी प्रावधानबाट लाभ लिन नसक्ने कुराको सुनिश्चित गरी मार्च १४, २०१३ (२०६९/१२/०१) मा जारी गरिएको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धी अध्यादेश संशोधन गर्ने; (घ) त्यस्ता खालका अपराध गरेको शंका भएका व्यक्तिहरूले उजुरीकर्ताहरू, साक्षीहरू, तिनका परिवारका सदस्य, तिनका कानुन व्यवसायी वा अनुसन्धानमा संलग्न अन्य कुनै पनि व्यक्तिलाई दबाब दिने, डर धम्की दिने वा प्रतिशोधको भावना राखी अनुसन्धानलाई प्रभावित पार्न सक्ने पदमा नभएको सुनिश्चित गर्ने ; (ङ) उजुरीकर्ताहरूले हर्जानाको परिपूरण तथा छिटो र निष्पक्ष रूपमा क्षतिपूर्ति पाउने कुरा सुनिश्चित गर्ने ; (च) क्षतिपूर्तिको व्यवस्थाले भौतिक र नैतिक दुवै खाले क्षतिपूर्ति पाउने कुरा सुनिश्चित गर्ने र (छ) उजुरीकर्तालाई पुनर्वास, पुन: स्थापना, सन्तुष्टि दिने तथा त्यस्ता घटना फेरि नघट्ने प्रत्याभूति दिने। विशेषगरी, उनीहरूले राज्य पक्षले एउटा सार्वजनिक समारोहमा अधिकारीहरूको र उजुरीकर्ताहरूको उपस्थितिमा आफ्नो अन्तरराष्ट्रिय दायित्व स्वीकार गरोस्, र उजुरीकर्तासँग आधिकारिक रूपमा क्षमा मागोस् भन्ने उनीहरूको

अनुरोध रहेको छ। पक्ष राष्ट्रले आफ्नो विशिष्टीकृत संस्थाबाट उजुरीकर्तालाई तत्काल निःशुल्क चिकित्सा र मनोवैज्ञानिक उपचार तथा स्याहारसमेत उपलब्ध गराउनुपर्ने र उनीहरूलाई प्रभावकारी र पर्याप्त उपचार उपलब्ध हुने प्रत्याभूत गर्न आवश्यक निःशुल्क कानूनी सहायता प्रदान गर्नुपर्छ। यस्तो घटना पुनः दोहोरिन नदिने प्रत्याभूति स्वरूप पक्ष राष्ट्रले बलपूर्वक बेपत्ता पार्ने कार्य र यातना र विभिन्न तवरले ती अपराधमा सहभागी हुनेलाई आफ्नो फौजदारी कानून अन्तर्गत छुट्टै अपराध मानी तिनीहरूको गाम्भीर्यताको आधारमा उपयुक्त सजाय हुने व्यवस्था गर्नुपर्छ। अन्ततः पक्ष राष्ट्रले सेना, सुरक्षा बल र न्यायपालिकाका सदस्यहरूको लागि अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानूनका सम्बन्धमा यथाशीघ्र शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।

उजुरीको ग्राह्यताका सम्बन्धमा पक्ष राष्ट्रको धारणा

४.१ सेप्टेम्बर १०, २०१३ (२०७०/०५/२५) को कुटनीतिक पत्र (नोट भर्बाल) मार्फत पक्ष राष्ट्रले उक्त उल्लङ्घनको आरोप पुष्टि गर्न नसकेको तथा घरेलु उपचारको उपभोग नगरेको आधारमा उजुरीको ग्राह्यतालाई चुनौती दिएको छ।

४.२ शर्मालाई पक्राउ गरेको र थुनामा लिएको भन्ने उजुरीकर्ताहरूको आरोपका सम्बन्धमा उक्त घटना घटेको भन्ने कुरा कुनै पनि प्रत्यक्ष र परिस्थितिजन्य प्रमाणबाट प्रमाणित नहुने भनी पक्ष राष्ट्रले जिकिर लिएको छ। शर्मालाई सन् २००४ को आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशको दफा ४ बमोजिम उनलाई दिइएको थुनुवा पुर्जी बमोजिम थुनामा लिइएको हो। अगस्ट १७, २००५ मा उक्त आदेश छ महिनाका लागि थप गरिएको थियो। शर्मालाई सैनिक ब्यारेकमा थुनामा राखिएको थियो र उनलाई मानवीय व्यवहार गरिएको थियो। उनलाई विरेन्द्र सैनिक अस्पतालमा औषधि उपचारको सुविधा दिइएको थियो। उनलाई उनका मातापिता र आफन्तसँग भेट गर्न दिइएको थियो र राष्ट्रसंघीय मानव अधिकार उच्च आयुक्तको प्रतिनिधिद्वारा पनि भेट गरिएको थियो जसको भेटघाटको औपचारिक अभिलेख राखिएको छ। तसर्थ, शर्मालाई बलपूर्वक बेपत्ता पारिएको भन्ने आरोप पुष्टि नभएको र झूटो छ। पक्ष राष्ट्रका अनुसार शर्मालाई पक्राउ गरी थुनामा राखेका बखत सङ्कटकालीन अवस्था विद्यमान थियो।

४.३ स्वेच्छाचारी थुना तथा यातनालाई सन् २००७ को अन्तरिम संविधानले अपराधीकरण गरेको तथा प्रतिबन्ध लगाएको छ। सन् १९९६ को यातना सम्बन्धी क्षतिपूर्ति ऐनले यातनाको अवस्थामा क्षतिपूर्ति दाबी गर्न सकिने व्यवस्था गरेको छ। यो उपचारको व्यवस्था निकै प्रभावकारी व्यवस्था

थियो तर विपक्षीले तोकिएको समयसीमा (यातना भए गरेको मितिले ३५ दिन) भित्र यस व्यवस्था अन्तर्गत उपचारको माग गरेनन्। शर्माले दाबी गरे बमोजिम घाउचोट लागेको भन्ने सम्बन्धमा उजुरीकर्ताहरूले प्रहरीमा कुनै जाहेरी दरखास्त दर्ता गरेका छैनन्। शर्मालाई पक्राउ गर्ने, थुनामा लिने, दुर्व्यवहार गर्ने वा यातना दिने काम कहिल्यै कुनै सरकारी अधिकारीबाट भएको थिएन।

४.४ नेपाल सशस्त्र द्वन्द्वका बखत घटेका मानव अधिकार उल्लङ्घनका घटनाहरूको सम्बोधन गर्न प्रतिबद्ध छ। उक्त अवस्थाको सम्बोधन गर्नका लागि नेपालले अन्तरिम संविधान अनुरूप बेपत्ता पारिएकाहरूको अनुसन्धान गर्न आयोग गठन गर्ने र सत्य निरूपण तथा मेलमिलाप आयोग स्थापना गर्ने निर्णय गरेको छ। यसै उद्देश्यका लागि नेपाल सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धी अध्यादेश, २०६९ (२०१२) जारी गरेको छ। उक्त आयोगले आरोपितका विरुद्ध कारबाही गर्न महान्यायाधिवक्तालाई सिफारिस गर्न सक्नेछ वा अभियोजनलाई सुनिश्चित गर्न नेपाल सरकारले आवश्यक कानुन बनाउन सक्नेछ। आयोगले क्षतिपूर्तिको सिफारिस गर्न सक्नेछ। आयोग गठन भएपश्चात् द्वन्द्वकालका मुद्दाहरू सङ्क्रमणकालीन न्यायको संयन्त्रको मध्यमबाट सम्बोधन गरिनेछ। आयोगले आफ्नो प्रतिवेदन पेश गरेपश्चात् गम्भीर मानव अधिकार उल्लङ्घनका घटनामा संलग्न आरोपितहरू उपर अदालतमा न्यायिक कारबाहीको थालनी गर्न सम्भव हुनेछ।

४.५ शर्माले यसअघि पनि अन्तरिम राहत बापत रू. १,००,०००/- प्राप्त गरिसकेका छन्। सङ्क्रमणकालीन न्यायको संयन्त्रको स्थापना भए पश्चात् अनुसन्धानको निष्कर्षका आधारमा उजुरीकर्ताहरूले क्षतिपूर्ति पाउने छन्। त्यस्तै, उजुरीकर्ताहरूले घरेलु उपचारका सबै उपायहरूको उपयोग गरिसकेका छैनन्।

पक्ष राष्ट्रको धारणा उपर उजुरीकर्ताको प्रतिक्रिया

५.१ उजुरीकर्ताहरूले अक्टोबर १४, २०१३ (२०७०/०६/२८) र जनवरी १०, २०१४ (२०७०/०९/२६) मा पक्ष राष्ट्रको धारणा उपर प्रतिक्रिया पेश गरे। आफूले लगाएका आरोपहरू झूटो भन्ने पक्ष राष्ट्रको दाबी गलत रहेको र पक्ष राष्ट्रले उक्त दाबीको समर्थनमा प्रमाण पेश नगरेको उजुरीकर्ताहरूको टिप्पणी छ।

५.२ अन्तरिम संविधानले यातना तथा दुर्व्यवहारका घटनालाई प्रतिबन्ध लगाएतापनि यस्ता कार्यहरूलाई कानुनले उचित तरिकाले परिभाषा नगरेको र त्यस्ता कार्यहरू उपर आपराधिक दण्डको व्यवस्था नभएको उजुरीकर्ताहरूको तर्क छ। त्यसैगरी, अक्टोबर २१, २००३ (२०७०/०७/०४) देखि बलपूर्वक बेपत्ता पारी डिसेम्बर १९, २००५ (२०६२/०९/०४) मा पुन: पक्राउ गरिएका शर्माले उजुरीका लागि कानुन बमोजिमको ३५ दिने म्यादभित्र उजुरी गर्न नसक्ने हुँदा उनको हकमा यातना सम्बन्धी क्षतिपूर्ति ऐनले दिने उपचार प्रभावकारी हुँदैन। उक्त म्याद अन्तरराष्ट्रिय मापदण्डसँग मेल नखाने भन्ने उजुरीकर्ताको थप जिकिर रहेको छ। त्यस्तै, समितिको विधिशास्त्र अनुसार यातना दिने तथा बलपूर्वक बेपत्ता पार्ने जस्ता गम्भीर प्रकृतिका अपराधहरूलाई सम्बोधन गर्न प्रशासकीय, अनुशासनात्मक वा देवानी उपचारहरू पर्याप्त हुँदैनन्।[7]

५.३ जाहेरी दिन मिल्ने अपराधहरू सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ (१९९२) को अनुसूची १ मा सूचीकृत अपराधहरूमा सीमित छन् जसमा यातनालाई समावेश गरिएको छैन। तसर्थ, यातना दिने तथा बलपूर्वक बेपत्ता पार्ने सम्बन्धी विषय जाहेरी दरखास्त दिएर उपचारको माग गर्ने खाले अपराध होइनन्। उजुरीकर्ताहरूले भोगेको आपराधिक घटनाभन्दा भिन्न अपराधको जाहेरी दिनुपर्ने भनि उजुरीकर्ताहरूबाट अपेक्षा गरिन नहुने जिकिर उजुरीकर्ताहरूको रहेको छ। त्यसमाथि पनि शर्माकी पत्नीले दर्ता गर्न प्रयास गरेको जाहेरी दरखास्त प्रहरीले दर्ता गर्न इन्कार गरेको थियो (परिच्छेद २.४ र २.५)। उजुरीकर्ताहरूका अनुसार ऐच्छिक आलेखको धारा ५(२) को प्रयोजनका लागि जाहेरी दरखास्त प्रभावकारी उपचार नभएको कुरा समितिले ध्यानमा राखेको छ।[8] त्यस्तै, पक्ष राष्ट्रले सत्य निरूपण आयोगले आफ्नो प्रतिवेदन पेश गरेपश्चात् मानव अधिकार उल्लङ्घन गर्ने आरोपितहरू उपर अदालतमा मुद्दा चलाउन सकिने भनि बताउँदा उजुरीकर्ताहरूले दुई प्रकारका उपचारहरू मध्ये कुनै उपचारको माग गर्न नमिल्ने कुरा स्वीकारेको उजुरीकर्ताहरूको तर्क छ।

५.४ उजुरीकर्ताहरूले जाहेरी दरखास्त वा उजुरी दर्ता नगरेको भएतापनि न्यायको याचनाका लागि उनीहरूले अन्य उपायहरू अवलम्बन गरेको (परिच्छेद २.१६ र २.१९) कुरा उल्लेख गरेका छन्।

[7] The authors refer to Benaziza et al. v. Algeria (CCPR/C/99/D/1588/2007), para. 8.3, among others.
[8] The authors refer to Sharma and Prasad Sharma v. Nepal (CCPR/C/94/D/1469/2006), para. 6.3.

तापनि राज्यले आफैँले अनुसन्धान गर्न सक्ने अधिकारको प्रयोग किन नगरेको हो भन्ने बारे स्पष्ट पार्न सकेको छैन।

५.५ उजुरीकर्ताहरूले जनवरी २, २०१४ (२०७०/०९/१८) मा नेपालको सर्वोच्च अदालतले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धी अध्यादेश, २०६९ (२०१२) लाई असंवैधानिक घोषणा गरेको कुरा समितिलाई सूचित गरेका छन्। अदालतले नेपालका अधिकारप्राप्त निकायहरूलाई बिना कुनै ढिलाई नयाँ आयोग गठन गर्न आदेश दिएको थियो। साथै, फौजदारी न्याय प्रणाली आपराधिक कार्यहरूको तत्काल अनुसन्धान तथा सजायका लागि सबैभन्दा उपयुक्त मार्ग भएका कारण गैर-न्यायिक निकायहरूले सत्य तथ्य पत्ता लगाउन अपनाउने कार्यविधि तथ्य प्रमाणित गर्न महत्वपूर्ण भएतापनि त्यस्ता कार्यले गम्भीर मानव अधिकार उल्लङ्घनका पीडितहरूको न्यायमा पहुँच तथा क्षतिपूर्तिको विषयलाई प्रतिस्थापन गर्न कदापि सक्दैन। सोही अनुरूप, सम्भावित आयोग उजुरीकर्ताहरूले उपभोग गर्न सक्ने प्रभावकारी उपचार मान्न सकिँदैन।

५.६ उजुरीकर्ताहरूका विरुद्ध पक्ष राष्ट्रले जुनसुकै दाबी लिएको भएतापनि उजुरीकर्ताहरूले आफूले लगाएको आरोपलाई पुष्टि गर्ने थुप्रै कागजातहरू पेश गरेको कुरा उल्लेख गरेका छन्। शर्मासँगै थुनामा रहेका उनका भूतपूर्व थुनुवा समकक्षी जितमान बस्नेतले राष्ट्रिय मानव अधिकार आयोगमा दिएको बयानले उजुरीकर्ताको आरोपहरूलाई पुष्टि गर्दछ। राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपाल स्थित कार्यालय (ओ.एच्.सी.एच्.आर.- नेपाल) को प्रतिवेदनले नोभेम्बर, २००३ को अन्त्यदेखि डिसेम्बर, २००३ को मध्येताकाको समयमा थुनामा पर्ने थुनुवाहरूको मध्ये शर्मा पनि एक रहेको भनी स्पष्ट उल्लेख गरेको छ।[9] सेनाका अधिकारीहरूले शर्मालाई बलजफ्ती टायरभित्र छिराएर खिचेको तस्विर पनि उजुरीकर्ताले संलग्न गरेका छन्। बन्दीप्रत्यक्षीकरणको रिट निवेदन उपरको कारवाहीमा अपनाइएको प्रक्रियाले पनि अधिकारप्राप्त निकायहरूले शर्माको थुनालाई इन्कार गरी सो बारेको तथ्य लुकाएको कुरा चरितार्थ हुने भन्ने जिकिर उजुरीकर्ताहरूको रहेको छ। कुनै व्यक्तिको स्वतन्त्रताको अधिकारमा प्रतिबन्ध लगाई सोका बारेमा जानकारी दिन इन्कार गर्ने कार्यले बलपूर्वक बेपत्ता परेको कार्यलाई देखाउने हुँदा, शर्मालाई स्वेच्छाचारी रूपमा

[9] "Report of investigation into arbitrary detention, torture and disappearances at Maharajgunj RNA barracks, Kathmandu, in 2003–2004" (May 2006). p. 52

पक्राउ गरी बलपूर्वक बेपत्ता पारिएको प्रमाणित हुने जिकिर उजुरीकर्ताहरूको रहेको छ। माओवादीसँग सम्बद्ध अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) का सदस्यहरू विरुद्ध व्यापक रूपमा त्यसबेला भइरहेको यातना तथा बलपूर्वक बेपत्ता पर्ने कार्यको सन्दर्भमा उजुरीकर्ताहरूका यी आरोपहरू सान्दर्भिक देखिन्छन्। अन्तिममा, समितिको विधिशास्त्र अनुसार उजुरीकर्ताका आरोपहरूका सम्बन्धमा प्रमाणको जिम्मेवारी पूर्ण रूपमा उजुरीकर्तामा नरहने जिकिर उजुरीकर्ताहरूले लिएका छन्।[10]

५.७ उजुरीकर्ताहरूले फेब्रुअरी २००५ मा शर्मा पक्राउ हुनुपूर्व उनलाई थुनुवाको आदेशपत्र थमाइएको थियो भन्ने पक्ष राष्ट्रको दाबीलाई इन्कार गर्दछन् र शर्मालाई सर्वप्रथम बलपूर्वक बेपत्ता पारिएको र त्यसपछि मार्च ८, २००५ (२०६१/११/२५) देखि डिसेम्बर १९, २००५(२०६२/०९/०४) सम्म स्वेच्छाचारी रूपमा थुनामा लिइएको जिकिर उजुरीकर्ताले लिएका छन्। थुनामा लिने कार्य राष्ट्रिय कानुन उल्लङ्घन नभएको भन्ने तथ्यले अन्तरराष्ट्रिय मानव अधिकार सम्बन्धी कानुनको पालना गरेको देखाउँदैन भन्ने जिकिर उजुरीकर्ताहरूले लिएका छन्। यस मुद्दाका सन्दर्भमा यी दुई अवधिहरूमा शर्मा उपर कुनै प्रकारको अभियोग लगाइएको थिएन; उनलाई थुनामा लिएको कार्य कानुनी भए वा नभएको भन्ने सम्बन्धमा चुनौती दिने मौका उनलाई दिइएको थिएन। साथै, अक्टोबर २९, २००३ (२०६०/०७/१२) मा उनकी पत्नीले दायर गरेको रिट निवेदनले उनका रिहाइ गराउन सकेको थिएन र डिसेम्बर १९, २००५ (२०६२/०९/०४) मा मात्र उनी रिहा भएका थिए।

५.८ उजुरीकर्ताहरूले शर्माकी पत्नीलाई पक्राउ गरिएको, थुनामा लिइएको, उनी उपर दुर्व्यवहार गरिएको वा उनलाई यातना दिइएको भन्ने आरोप नलगाई, उनको पति बेपत्ता भएका कारण उनले उत्पीडन, वेदना र मानसिक तनाव भोग्नु परेको भन्ने दाबी लिएको उल्लेख गरेका छन् ।

मूल कानुनी प्रश्नका सम्बन्धमा पक्ष राष्ट्रको धारणा

६.१ मार्च ५, २०१४ (२०७०/११/२१)को आफ्नो रायमा उजुरीकर्ताहरूले शर्मालाई स्वेच्छाचारी ढङ्गले थुनामा राखिएको भन्ने सम्बन्धमा प्रमाण पेश गर्न नसकेको जिकिर पक्ष राष्ट्रको रहेको छ। पक्ष राष्ट्रले शर्मालाई थुनामा लिँदा रितपूर्वक थुनाको आदेश थमाइएको र थुनाको अवधिमा उनीप्रति मानवीय व्यवहार गरिएको कुरा दोहोर्याएको छ। फेब्रुअरी २६, २००१ (२०५७/११/१५)मा

[10] The authors refer to Sharma and Prasad Sharma v. Nepal (CCPR/C/94/D/1469/2006), para. 7.5.

सङ्कटकालीन अवस्था अनुबन्ध बमोजिम नै घोषणा गरिएको कुरा उल्लेख गरिन्छ। शर्मालाई थुनामा लिइएको कार्य नेपालको प्रचलित कानुन बमोजिम नै रहेको थियो र त्यो बलपूर्वक बेपत्ता पार्ने कार्य थिएन।

६.२ उजुरीकर्ताहरूले लगाएको यातना सम्बन्धी आरोपलाई पुष्टि गर्ने प्रमाण पेश गर्न नसकेको भन्ने जिकिर पक्ष राष्ट्रले लिएको छ। त्यसैगरी, प्रहरी र सेनाले आधिकारिक रूपमा र व्यवस्थित रूपमा नै यातना दिने कार्य गर्ने गरेको भन्ने यातना सम्बन्धी विशेष प्रतिवेदक तथा बलपूर्वक वा अस्वेच्छिक रूपमा बेपत्ता पारिएका व्यक्तिहरू सम्बन्धी कार्यदलको दाबीलाई पनि पक्ष राष्ट्रले अस्वीकार गरेको छ। शर्मा यातनाबाट पीडित भएका भए उनले यातनाको क्षतिपूर्ति सम्बन्धी ऐन बमोजिम उपचार माग गर्नुपर्दथ्यो वा राष्ट्रिय मानव अधिकार आयोगमा निवेदन पेश गर्नुपर्दथ्यो, जुन राष्ट्रिय मानवअधिकार संस्थाहरू मानवअधिकारको संरक्षण र प्रवर्द्धनका लागि राष्ट्रिय संस्थाहरूको हैसियत तथा सञ्चालनसँग सम्बन्धित सिद्धान्तहरू (पेरिस सिद्धान्त) अनुसार स्थापित एक स्वतन्त्र र स्वायत्त संस्था हो। आयोग समक्ष यातना सम्बन्धी मुद्दाहरू पेश गर्न कानुनले हदम्याद तोकेको छैन।

६.३ पक्ष राष्ट्रले आफू सङ्क्रमणकालीन न्यायको संयन्त्र स्थापित गर्न प्रतिबद्ध रहेको कुराको जिकिर लिएको छ। नेपाल सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धी अध्यादेश जारी गरेको तर जनवरी २, २०१४ (२०७०/०९/१८) मा सर्वोच्च अदालतले यसलाई कार्यान्वयन नगर्न र यसलाई संशोधन गरी संविधान तथा न्यायका सिद्धान्त अनुकूल बनाउन आदेश दियो। उक्त प्रक्रियालाई नवनिर्वाचित संविधानसभाले पनि निरन्तरता दिनेछ। समितिको उजुरी संयन्त्रको उद्देश्य घरेलु व्यवस्थालाई निष्प्रभावी पार्ने नभई सोको पूरक हुने रहेको हुँदा समितिले उक्त उजुरी उपर विचार गरिरहनु उपयुक्त हुँदैन भन्ने धारणा पक्ष राष्ट्रको रहेको छ। सङ्क्रमणकालीन न्यायको संयन्त्र स्थापना गर्ने तर्फ नेपालले गरेको प्रगतिलाई मूल्याङ्कन गर्दा नेपालमा विद्यमान अप्ठेरो परिस्थितिलाई पनि विचार गरिनुपर्दछ। यातना तथा बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्न हाल सरकारले विधेयक मस्यौदा तयार गर्दैछ।

६.४ पक्ष राष्ट्रका अनुसार उजुरीकर्ताहरूले घरेलु उपचारका सबै उपायहरू उपभोग गरिसकेका छैनन् र उठान भइरहेको विषयवस्तु सङ्क्रमणकालीन न्यायको संयन्त्रबाट सम्बोधन गर्न सकिन्छ।

मूल कानुनी प्रश्नका सम्बन्धमा पक्ष राष्ट्रको धारणा उपर उजुरीकर्ताहरूको प्रतिक्रिया

७.१ अप्रिल १०, २०१४ (२०७०/१२/२७)मा उजुरीकर्ताहरूले मूल प्रश्नका सम्बन्धमा पक्ष राष्ट्रको धारणा उपर प्रतिक्रिया पेश गरेका थिए। घरेलु उपचारका सबै उपायहरू उपभोग नगरेको भन्ने विषयमा उनीहरूले अक्टोबर १४, २०१३ (२०७०/०६/२८) मा लिएको जिकिरहरूलाई नै दोहोर्याए।

७.२ शर्माकी पत्नीले भोगेका उल्लङ्घनका घटनाहरूको आरोपमा पक्ष राष्ट्रले कुनै चुनौती नदिएको विषयलाई उजुरीकर्ताहरूले टिपोट गरेका छन् र यसले धारा ७ का साथसाथै धारा २(३) तथा धारा १७ अन्तर्गतको उनको अधिकारहरू उल्लङ्घन भएको बारे उनीहरूले जानकारीमा लिएको देखिन्छ।

७.३ उजुरीकर्ताहरूले शर्मालाई बलपूर्वक बेपत्ता पारिएको भन्ने आफ्नो दाबी (५.६ र ५.७) पुन: दोहोर्याएका छन्। उजुरीकर्ताहरूका अनुसार शर्माको स्वतन्त्रताको अधिकार अक्टोबर २१, २००३ (२०६०/०७/०४)मा छिनिएको थियो र सो कार्य सन् २००४ मा मात्र जारी भएको आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश बमोजिम कदापि हुन सक्दैन्। उनलाई कहिले पनि थुनुवा आदेश थमाइएन र पक्ष राष्ट्रले यस्तो कागजात सम्बन्धी कुनै प्रमाण पनि पेश गर्न सकेको छैन। शर्मालाई स्वेच्छाचारी रूपमा थुनामा राखेको कुरा नेपालको सर्वोच्च अदालतले डिसेम्बर १९, २००५ (२०६२/०९/०४)मा पुष्टि गरिसकेको छ।

७.४ शर्मालाई विरेन्द्र सैनिक अस्पताल लगेतापनि त्यहाँ उनले उचित हेरचाह उपचार वा सहयोग पाएनन् र सोही कारण उनलाई स्थायी स्वास्थ्य समस्या आएको छ।

७.५ शर्मालाई यातना तथा दुर्व्यवहार गरिएको र पक्ष राष्ट्रले ती आरोपहरूलाई चुनौती दिन नसकेको जिकिर उजुरीकर्ताहरूले लिएका छन्। उजुरीकर्ताहरूले यातनापछिको समयमा लिइएको एउटा तस्विर प्रमाण स्वरूप पेश गरेको कुराको टिपोट गरेका छन् र शर्मालाई १७ दिनसम्म कसैसँग भेटघाट गर्न नदिई थुनामा राखिएको तथ्यलाई पक्ष राष्ट्रले चुनौती दिएका छैनन् भन्ने जिकिर उजुरीकर्ताहरूले लिएका छन्। अज्ञात हिरासतमा राख्ने कार्य र दुर्व्यवहारबीच सम्बन्ध रहने तथा लामो समयसम्म कसैसँग भेटघाट गर्न नदिई थुनामा राख्ने कार्यले गर्दा त्यहाँ यातना भएको

भनी स्वतः मान्न सकिने भनी विधिशास्त्रमा उल्लेख गरिएको भन्ने समेतको जिकिर उजुरीकर्ताहरूको रहेको छ।[11]

७.६ नेपालमा यातनाको घटना व्यापक र आधिकारिक/व्यवस्थित रूपमा नै हुने कुरा यातना सम्बन्धी विशेष प्रतिवेदक, बलपूर्वक वा अस्वेच्छिक रूपमा बेपत्ता पारिएका व्यक्तिहरू सम्बन्धी कार्यदल तथा यातना विरुद्धको समितिको जानकारीमा रहेको कुरा उजुरीकर्ताहरूले टिपोट गरेका छन्।[12] यातना सम्बन्धी क्षतिपूर्ति ऐन अन्तर्गत दाबी प्रस्तुत गर्ने म्याद ३५ दिनको हुनु "आपराधिक गम्भीरताको दृष्टिबाट बिल्कुलै असंगत" भएको भनी मानव अधिकार समितिले निष्कर्ष निकालेको थियो।[13]

७.७ शर्माले अन्तरिम राहत प्राप्त गरेका छन् तर उनले गम्भीर मानव अधिकारको उल्लङ्घनबाट भोगेको हानिको अगाडी त्यो उचित र पर्याप्त क्षतिपूर्ति हुन सक्दैन। उजुरीकर्तालाई पुनर्वास, पुन: स्थापना, सन्तुष्टि दिने तथा त्यस्तै घटना फेरि नघट्ने प्रत्याभूति दिन पनि उक्त अन्तरिम राहत पर्याप्त हुन सक्दैन। नेपालको सन्दर्भमा शर्माको मुद्दा अपवाद नभएको समितिले पनि टिपोट गरेको छ।[14]

७.८ उजुरीकर्ताहरूले उनीहरूको उजुरी राष्ट्रिय मानव अधिकार आयोगमा पनि पेश गरेको तर उक्त उजुरीले उनीहरूलाई न्यायमा पहुँच दिन वा उपचार प्राप्त गर्न सहयोग नगरेको पुष्टि गरेका छन्। साथै, समितिका अनुसार[15] राष्ट्रिय मानव अधिकार आयोगलाई न्यायिक निकायको रूपमा लिइनु हुँदैन।

७.९ सङ्क्रमणकालीन न्यायको संयन्त्र अझै अस्तित्वमा छैन र उजुरीकर्ताहरूलाई अस्तित्वमा नरहेकोले प्राप्त नै हुन नसक्ने उपचारको अवलम्बन गर्नु भन्न मिल्दैन भन्ने जिकिर उजुरीकर्ताहरूले लिएका छन्। पक्ष राष्ट्रले उजुरीकर्ताहरूलाई न्याय तथा क्षतिपूर्ति दिनुपर्ने अवस्था सिर्जना भएको निकै लामो अवधि भइसकेको उजुरीकर्ताहरूको भनाइ रहेको छ।

---

[11] The authors refer to G.K. v. Switzerland (CAT/C/30/D/219/2002), para. 6.3, and Sedhai et al. v. Nepal (CCPR/C/108/D/1865/2009), para. 8.3.
[12] The authors refer to Official Records of the General Assembly, Sixty-seventh Session, Supplement No. 44 (A/67/44 (2012), annex XIII.
[13] The authors refer to Maharjan et al. v. Nepal (CCPR/C/105/D/1863/2009), para. 7.6.
[14] See CCPR/C/NPL/CO/2, para. 5 (b).
[15] The authors refer to Giri et al. v. Nepal (CCPR/C/101/D/1761/2008), para. 6.3.

पक्ष राष्ट्रका तर्फबाट थप जिकिरहरू

८. जुन २४, २०१४ (२०७१/०३/१०) र डिसेम्बर ११, २०१४ (२०७१/०८/२५)को कुटनीतिक पत्रहरू मार्फत पक्ष राष्ट्रले समितिलाई संसदले अप्रिल, २०१४ मा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धी ऐन, २०७१ (२०१४) पारित गरेको र केही समयपछि सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन गर्ने कुराको जानकारी दिएको थियो। त्यसमा ऐनको मुख्य व्यवस्थाहरूको छोटो व्याख्या गरिएको थियो र यो राज्य तथा गैर-पक्ष राष्ट्रहरूद्वारा विगतमा घटाएका मानव अधिकार उल्लङ्घनका घटनाहरूको सम्बोधन गर्नका लागि ऐतिहासिक संयन्त्रको रूपमा रहने कुरा उल्लेख गरेको थियो। त्यस्तै, यातना तथा बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने विधेयकको मस्यौदा भएको र त्यसलाई संसदमा पुन: प्रस्तुत गर्ने प्रक्रियामा रहेको पनि बताइएको थियो। सङ्क्रमणकालीन न्यायको संयन्त्र स्थापना नभई फौजदारी न्याय प्रणालीले सशस्त्र द्वन्द्वका पीडितहरूलाई पूर्ण उपचार प्रदान गर्न सक्दैन। तसर्थ, त्यस्ता संयन्त्रको स्थापनापश्चात् उजुरीकर्ताहरूको दाबीको पूर्ण रूपमा सम्बोधन हुनेछन्।

समितिसमक्ष विचाराधीन प्रश्न र कार्यविधि

उजुरीको ग्राह्यताका सम्बन्धमा

९.१ उजुरीमा उल्लेख कुनै पनि दाबी उपर विचार गर्नु भन्दा पहिले समितिले आफ्नो कार्यविधि सम्बन्धी नियमको नियम ९३ बमोजिम उक्त उजुरी ऐच्छिक आलेख अनुरूप ग्रहणयोग्य भए नभएको निर्णय गर्नु अनिवार्य हुन्छ।

९.२ ऐच्छिक आलेखको को धारा ५(२)(क) को शर्त अनुसार प्रस्तुत उजुरी अर्को कुनै अन्तरराष्ट्रिय अनुसन्धान वा विवाद समाधान गर्ने सम्बन्धी प्रक्रिया अन्तर्गत परीक्षणको लागि विचाराधिन नरहेको समितिले ठहर गरेको छ।

९.३ घरेलु उपचारका सबै उपायहरूको उपयोगका सम्बन्धमा उजुरीकर्ताहरूले प्रहरीमा जाहेरी दरखास्त दर्ता नगरेको वा यातनाको क्षतिपूर्ति सम्बन्धी ऐन, १९९६ बमोजिम उजुरी नगरेको तथा उक्त मुद्दा अन्तरिम संविधान, २०६३ बमोजिम स्थापना हुने सङ्क्रमणकालीन न्यायको संयन्त्र

मार्फत सम्बोधन हुनुपर्ने भन्ने पक्ष राष्ट्रको जिकिरहरूलाई समितिले टिपोट गरेको छ। त्यस्तै, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ (१९९२) को अनुसूची -१ मा सूचीकृत कसुरहरूको सम्बन्धमा मात्र जाहेरी दरखास्त दर्ता गरिन्छ र त्यसमा यातना तथा बलपूर्वक बेपत्ता पर्ने कार्यलाई समावेश नगरिएकाले प्रस्तुत मुद्दाका सम्बन्धमा जाहेरी दरखास्त दर्ता गर्ने कार्य उचित उपचार नहुने; यातना सम्बन्धी क्षतिपूर्ति ऐनले फौजदारी दायित्वका सम्बन्धमा व्यवस्था नगरेको; ऐनको म्याद सम्बन्धी व्यवस्थाले गर्दा उक्त ऐनमा उल्लेख गरिएको व्यवस्थाबाट उपचार पाउनबाट वञ्चित भएको तथा सङ्क्रमणकालीन न्यायको संयन्त्रले न्यायको पहुँचलाई प्रतिस्थापन नगर्ने हुनाले यसलाई प्रभावकारी उपचारको रूपमा उपभोग गर्न नसकिने भन्ने उजुरीकर्ताका जिकिरहरूलाई पनि समितिले टिपोट गरेको छ। शर्माकी पत्नीले काठमाडौं जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गर्ने प्रयास गरेको तर कार्यालयले उक्त उजुरी दर्ता गर्न इन्कार गरेको कुरालाई समितिले जानकारीमा लिएको छ। अक्टोबर २९, २००३ (२०६०/०७/१२)मा शर्माकी पत्नीले सर्वोच्च अदालतसमक्ष बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दर्ता गरेको तर त्यसले बेपत्ता परेका उनका पति कहाँ र कस्तो अवस्थामा रहेको भन्ने विषयमा कुनै प्रकाश नपारेको कुरालाई पनि समितिले टिपोट गरेको छ। फेब्रुअरी ४, २००५ (२०६१/१०/२२) मा शर्माका कानुन व्यवसायीले पनि शर्मा बेपत्ता भएको विषयमा अनुसन्धान गर्न माग गर्दै सर्वोच्च अदालतमा निवेदन दर्ता गरेका थिए। समितिले आफ्नो विधिशास्त्रमा यातना दिने तथा बलपूर्वक बेपत्ता पार्ने कार्य जस्ता गम्भीर मानव अधिकार उल्लङ्घनका मुद्दाहरूमा न्यायिक उपचार आवश्यक हुने भन्ने धारणा लिएको छ।[16] बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धी ऐन, २०७१ (२०१४) अन्तर्गत स्थापित सङ्क्रमणकालीन न्यायिक निकायहरू न्यायिक अङ्ग नभएको व्यहोरा समितिले जानकारीमा लिएको छ।[17] यातना सम्बन्धी क्षतिपूर्ति ऐन, १९९६ अन्तर्गतको उपचारका सम्बन्धमा, ऐनको दफा ५ को उपदफा (१) बमोजिम यातनाको घटना घटेको वा थुनुवा थुनाबाट रिहा भएको मितिले ३५ दिनको समय जुन आपराधिक गम्भीरताको दृष्टिबाट आफैमा बिल्कुलै असंगत छ, त्यस्तो समयभित्र क्षतिपूर्तिको दाबी लिनुपर्ने व्यहोरा समितिले जानकारीमा लिएको छ। ऐन अन्तर्गत यातनाको दाबी लिन ३५ दिनको म्याद भएको हुँदा उजुरीकर्तालाई यो उजुरी उपलब्ध नभएको कुरालाई समितिले विचार गरेको छ।[18] उजुरीकर्ताहरूको अधिकारको उल्लङ्घन

[16] See Giri et al. v. Nepal (CCPR/C/101/D/1761/2008), para. 6.3.
[17] See Tharu et al. v. Nepal (CCPR/C/114/D/2038/2011), para. 9.3.
[18] See Maharjan et al. v. Nepal (CCPR/C/105/D/1863/2009), para. 7.6.

भएको विषयमा उजुरी गर्न सर्वोच्च अदालतमा मुद्दा दायर गर्ने लगायत गर्न थुप्रै निरर्थक प्रयासहरू गरेको कुरालाई समितिले टिपोट गरेको छ। सोही अनुरूप, उजुरीकर्ताहरूले उपलब्ध भएसम्म सम्पूर्ण घरेलु उपचारहरूको उपभोग गरेको र ऐच्छिक आलेखको धारा ५(२)(ख) अन्तर्गत उजुरीको छानबिन गर्न कुनै बाधा अड्चन नभएको कुरालाई समितिले विचार गरेको छ।

९.४ उजुरीकर्ताहरूको आरोपहरू पुष्टि हुन नसकेको भन्ने पक्ष राष्ट्रको रायलाई समितिले टिपोट गरेको छ । तथापि, उजुरीको ग्राह्यताको प्रयोजनका लागि उजुरीकर्ताहरूले आफ्नो आरोपहरूलाई पर्याप्त रूपमा विश्वसनीय तर्कहरूसहित पुष्टि गरेको भन्ने कुरालाई समितिले विचार गरेको छ। उजुरीको ग्राह्यताका लागि आवश्यकताहरू पूरा भएको हुँदा समितिले उजुरीलाई ग्राह्य मानी मूल कानुनी प्रश्न उपर कारबाहीका लागि अगाडि बढेको छ।

मूल कानुनी प्रश्न उपरका सम्बन्धमा

१०.१ समितिले पक्षहरूद्वारा समितिलाई उपलब्ध गराइएको सम्पूर्ण सूचनाको आधारमा ऐच्छिक आलेखको धारा ५ को प्रकरण १ को प्रावधान अनुरूप उजुरी उपर जाँचबुझ र विचार गरेको छ।

१०.२ शर्मालाई अक्टोबर २१, २००३(२०६०/०७/०४) देखि मार्च ८, २००५ (२०६१/११/२५) सम्म बलपूर्वक बेपत्ता पारिएको भन्ने उजुरीकर्ताहरूको आरोपलाई समितिले टिपोट गरेको छ। उजुरीकर्ताहरूको आरोप पुष्टि हुन नसकेको र शर्मालाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनको दफा ९ अन्तर्गत फेब्रुअरी १४, २००५ (२०६१/११/०३)मा मात्र पक्राउ गरेको गरिएको भन्ने पक्ष राष्ट्रको जिकिरलाई पनि समितिले टिपोट गरेको छ।

१०.३ समितिले यो मुद्दासँग मिल्दोजुल्दो प्रकृतिका थुप्रै मुद्दाहरू हेरेको र केही मुद्दामा पक्ष राष्ट्र नै संलग्न भएको विषयलाई समितिले टिपोट गरेको छ। यस्ता नजिरहरूका अनुसार उजुरीकर्ता र पक्ष राष्ट्रसँग प्रमाणको पहुँच सदैव बराबर हुने नहुने तथा प्राय: पक्ष राष्ट्रसँग मात्र आवश्यक सूचनाको पहुँच हुने हुँदा उजुरीको प्रमाणको भार केवल उजुरीकर्ताहरू उपर नै रहनु नपर्ने कुरालाई समितिले प्रष्ट पारेको छ।[19] ऐच्छिक आलेखको धारा ४(२) मा अनुबन्धको उल्लङ्घन गरेको विषयमा पक्ष राष्ट्र वा यसको प्रतिनिधिहरू विरुद्ध लगाइएको सम्पूर्ण आरोपहरू

[19] See El Hassy and El Hassy v. Libyan Arab Jamahiriya (CCPR/C/91/D/1422/2005), para. 6.7; Medjnoune v. Algeria (CCPR/C/87/D/1297/2004), para. 8.3; Il Khwildy and Il Khwildy v. Libya (CCPR/C/106/D/1804/2008), para. 7.2; and Tripathi et al. v. Nepal (CCPR/C/112/D/2111/2011), para. 7.2.

उपर असल नियतले अनुसन्धान गर्नु र सो सम्बन्धमा आफूसँग उपलब्ध सूचना समितिलाई प्रदान गर्नु पक्ष राष्ट्रको दायित्व रहेको कुरा प्रष्ट उल्लेख छ। उजुरीकर्ताहरूले विश्वासयोग्य प्रमाणका साथ पक्ष राष्ट्र उपर आरोप पेश गरेकोमा तथा सो सम्बन्धमा थप प्रष्टीकरणको विषय केवल पक्ष राष्ट्रसँग भएको सूचनामा आधारित हुने भएकोमा, पक्ष राष्ट्रले ती आरोपहरूको विपरीत कुनै सन्तोषजनक प्रमाण प्रस्तुत नगरेको अवस्थामा समितिले उजुरीकर्ताहरूका आरोपहरू पुष्टि भएको मान्न सक्छ।

१०.४ प्रस्तुत मुद्दामा शर्मालाई अक्टोबर २१, २००३ (२०६०/०७/०४) मा विना पुर्जी पक्राउ गरिएको, महाराजगंज स्थित भैरवनाथ गण ब्यारेकमा अज्ञात हिरासतमा राखिएको तथा न्यायिक शक्तिको उपयोग गर्न कुनै न्यायाधीश वा कानुनले अख्तियारी प्रदान गरेको कुनै अन्य अधिकारीसमक्ष पेश नगरिएको; डिसेम्बर १५, २००५ (२०६२/०८/३०) मा सर्वोच्च अदालतले उजुरीकर्तालाई थुनामा राखिएको कार्य गैरकानुनी भएको फैसला नगर्दासम्म उजुरीकर्ताले आफू थुनामा परेको विषय कानुनी छ वा छैन भन्ने विषयलाई कुनै अदालत समक्ष चुनौती दिन सक्ने अवस्था पनि नरहेको कुराहरूलाई समितिले टिपोट गरेको छ । शर्मा सम्पर्कविहीन भएको केही समयपश्चात् अक्टोबर, २००३ मा आफ्नो पतिको खोजी गर्दै शर्माकी पत्नी काठमाडौं जिल्ला प्रहरी कार्यालय पुगेको तथा अक्टोबर २१, २००३ (२०६०/०७/०४) मा सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन गरेको कुरालाई समितिले जानकारीमा लिएको छ। यस सम्बन्धमा नोभेम्बर, २००३ को अन्त्यदेखि डिसेम्बरको मध्येसम्ममा थुनामा पर्नेहरू मध्ये शर्मा पनि एक रहेको भन्ने राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय- नेपालको प्रतिवेदनलाई समितिले जानकारीमा लिएको छ।[20] सर्वोच्च अदालतमा हालेको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनका सन्दर्भमा शर्मालाई पक्राउ गरेको वा प्रहरीले थुनामा राखेको भन्ने विषयलाई सबै सरकारी निकायहरूले इन्कार गरेको कुरालाई पनि समितिले टिपोट गरेको छ। मार्च ८, २००५ (२०६१/११/२५) मा आएर मात्र शर्मा १४ फेब्रुअरी, २००५ (२०६१/११/०३) देखि थुनामा रहेको भन्ने जानकारीका साथ उनको स्थिति र उनी रहेको स्थानको बारेमा अधिकारीहरूले खुलासा गरेको समितिले मनन गरेको छ। शर्मा १४ फेब्रुअरी, २००५(२०६१/११/०३) सम्म पक्राउ नपरेको तथा उनलाई थुनुवा पुर्जी दिइएको भन्ने पक्ष राष्ट्रको कथनलाई समितिले टिपोट गरेको छ । तथापि,

[20] "Report of investigation into arbitrary detention, torture and disappearances at Maharajgunj RNA barracks, Kathmandu, in 2003–2004" (May 2006), p. 52.

पक्ष राष्ट्रले १४ फेब्रुअरी, २००५ (२०६१/११/०३) भन्दा पहिले शर्माको स्थिति र उनी रहेको स्थान तथा थुनुवाको आदेशका बारेमा कुनै प्रमाण पेश गरेका छैनन्। तसर्थ, शर्मालाई स्वतन्त्रताबाट वञ्चित गरिएको, तत्पश्चात् अधिकारीहरूले यसबारे जानकारी दिन इन्कार गरेको तथा शर्माकाबारे सूचना लुकाएको जस्ता कार्यहरूले उनलाई बलपूर्वक बेपत्ता पारिएको मान्न मिल्ने भन्ने धारणा समितिले लिएको छ।

१०.५ अनुबन्धले कुनै पनि धारामा "बलपूर्वक बेपत्ता पारिएको" भन्ने शब्द स्पष्ट रूपमा प्रयोग गरेको नभएतापनि उक्त सन्धिले पहिचान गरेको विभिन्न अधिकारहरू निरन्तर रूपमा उल्लङ्घन गरेको देखाउने बेग्लै तथा अन्तरसम्बन्धित कार्यहरूले बलपूर्वक बेपत्ता पारिएको अवस्थाको सिर्जना गर्दछ भन्ने कुरालाई समितिले मनन गरेको छ।[21]

१०.६ बलपूर्वक बेपत्ता पार्ने सम्बन्धमा स्वतन्त्रताबाट वञ्चित गरेको अवस्था, तत्पश्चात् स्वतन्त्रताबाट वञ्चित गरेको बारे जानकारी दिन इन्कार गर्ने अवस्था वा बेपत्ता परेको व्यक्तिको बारेमा सत्य तथ्य लुकाउने कार्यले त्यस्तो व्यक्तिलाई कानुनको संरक्षणभन्दा बाहिर राख्ने तथा उसलाई वा उसको जीवनलाई गम्भीर तथा निरन्तर जोखिममा राख्ने र त्यसको जिम्मेवार पक्ष राष्ट्र भएको भन्ने कुरालाई समितिले स्मरण गरेको छ।[22] प्रस्तुत मुद्दामा राज्यले अक्टोबर २१, २००३ (२०६०/०७/०४) देखि मार्च ८, २००५ (२०६१/११/२५) सम्म शर्माको जीवनको रक्षा गर्ने आफ्नो दायित्व पूरा गरेको भन्ने देखिने कुनै प्रमाण पेश गरेको छैन । सोही अनुरूप, अनुबन्धको धारा ६(१) को विपरीत शर्माको जीवन रक्षा गर्ने दायित्व पूरा गर्न पक्ष राष्ट्र असफल भएको समितिको निष्कर्ष रहेको छ।[23]

१०.७ शर्मालाई थुनामा लिई तत्काल बेपत्ता पारिएको कार्य आफैँमा अनुबन्धको धारा ७ को विपरीत छ भन्ने उजुरीकर्ताहरूको आरोप भएको कुरा समितिले टिपोट गरेको छ। बाहिरी दुनियाँबाट सम्पर्कविहीन राखी अनिश्चितकालसम्म थुनामा राख्दा हुने पीडालाई समितिले मनन गरेको छ। समितिले यातना वा अन्य क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा सजायमा

[21] Katwal and Katwal v. Nepal (CCPR/C/113/D/2000/2010), para. 11.3; and Serna et al. v. Colombia (CCPR/C/114/D/2134/2012), para. 9.4.
[22] Abushaala et al. v. Libya (CCPR/C/107/D/1913/2009), para. 6.2.
[23] Il Khwildy and Il Khwildy v. Libya (CCPR/C/106/D/1804/2008), para. 7.12.

प्रतिबन्ध लगाउने आफ्नो सामान्य टिप्पणी नं. २०(१९९२) मा अज्ञात हिरासत विरुद्ध व्यवस्था गर्न सिफारिस गरेको छ। प्रस्तुत मुद्दामा शर्मालाई अक्टोबर २१, २००३ (२०६०/०७/०४) देखि मार्च ८, २००५ (२०६१/११/२५) सम्म अज्ञात हिरासतमा लिएको कुरालाई समितिले टिपोट गरेको छ। शर्मालाई विशेषगरी महाराजगंज स्थित ब्यारेकमा २० दिनको अवधिमा यातना दिइएको भन्ने उनको आरोप तथा सोको दाबीको समर्थनमा उजुरीकर्ताहरूले तस्विरजन्य प्रमाण पेश गरेको कुरालाई समितिले टिपोट गरेको छ। शर्माले स्थायी शारीरिक अपाङ्गता भोग्नु परको छ। यस सम्बन्धमा पक्ष राष्ट्रको सन्तोषजनक स्पष्टीकरणको अभावमा शर्मालाई बलपूर्वक बेपत्ता पारिएको कार्य तथा तत्पश्चात् उनलाई दिइएको यातनाका कार्य अनुबन्धको धारा ७ को विपरीत रहेको समितिको निष्कर्ष छ। समिति उक्त निष्कर्षमा पुगेको हुँदा धारा १०(१) को उल्लङ्घन भएको भन्ने केही तथ्यमा आधारित उजुरीकर्ताको दाबीलाई समितिले जाँच गर्ने छैन।

१०.८ शर्मालाई बेपत्ता पारिएको कार्य अनुबन्धको धारा ९ अन्तर्गतको उनको अधिकारको उल्लङ्घन हुन जान्छ भन्ने कुरालाई समितिले विचार गरेको छ।

१०.९ कुनै व्यक्तिलाई कानुनको संरक्षणबाट नियोजित रूपमा वञ्चित गर्ने कार्यले र साथमा निजको वा निजको आफन्तजनको प्रभावकारी उपचार खोज्ने प्रयासलाई नियोजित रूपमा अवरोध पुर्याउने कार्यले उक्त व्यक्तिलाई कानुनको अगाडि व्यक्तिको रूपमा पहिचान गर्न इन्कार गरेको बुझिने समितिको धारणा रहेको छ।[24] तसर्थ, शर्मालाई बलपूर्वक बेपत्ता पारिएको कार्यले कानुनी संरक्षण पाउने तथा कानुनको अगाडि व्यक्तिको रूपमा पहिचान हुन पाउने उनको अधिकारबाट वञ्चित गरेको हुँदा उक्त कार्य अनुबन्धको धारा १६ को विपरीत भएको समितिको निष्कर्ष छ।

१०.१० आफ्नो पति बेपत्ता भएका कारण उनी पक्राउ परेको समयदेखि अधिकारीहरूले उनको स्थिति र उनी रहेको स्थान बारे जानकारी दिएको समय मार्च ८, २००५ (२०६१/११/२५) सम्म शर्माको पत्नीले भोगेको दुख र तनावलाई समितिले टिपोट गरेको छ। त्यस समयावधिमा आफ्ना तीन बालबच्चाहरूलाई शर्माकी पत्नीले एक्लैले पालनपोषण र हेरविचार गर्नुपरेको कुरालाई समितिले जानकारीमा लिएको छ। शर्मा बेपत्ता भएलगत्तै शर्माकी पत्नीले आफ्नो पतिको अवस्था र उनी रहेको स्थानबारे पत्ता लगाउन थुप्रै प्रयास गरेको र अख्तियारप्राप्त अधिकारीहरूले

[24] See Basnet and Nepali v. Nepal (CCPR/C/117/D/2164/2012), para. 10.9; and Tharu et al. v. Nepal (CCPR/C/114/D/2038/2011), para. 10.9.

थुनुवालाई इन्कार गरेको तथा उनलाई शत्रुवत व्यवहार देखाएको कुराको पनि जानकारी समितिले लिएको छ। अधिकारीहरूले शर्माकी पत्नीलाई पक्राउ गरेको, थुनामा राखेको यातना दिएको तथा दुर्व्यवहार गरेको कुरा पक्ष राष्ट्रले इन्कार गरेको तर उजुरीकर्ताले यस्ता प्रकारका व्यवहार भोगेको भन्ने आरोप कहिले पनि नलगाएको भन्ने पनि समितिले टिपोट गरेको छ। अधिकारीहरूद्वारा शर्माकी पत्नीलाई शत्रुवत व्यवहार गरिएको आरोपलाई पक्ष राष्ट्रले इन्कार नगरेको तथा उनको पति बेपत्ता भएका कारण उनले दुख पीडा भोग्नुपरेको कुरालाई अन्यथा भन्न नसकेको कुरा पनि समितिले टिपोट गरेको छ। शर्माकी पत्नीका सम्बन्धमा प्रस्तुत मुद्दाको अवस्थाहरूलाई हेर्दा मुद्दाको तथ्यकै आधारमा पनि अनुबन्धको धारा ७ को उल्लङ्घन भएको देखिने भनी समितिले विचार गरेको छ।[25] माथि उल्लिखित निष्कर्षहरूका सन्दर्भमा, अनुबन्धको धारा १७ अन्तर्गतको उजुरीकर्ताको अधिकार उल्लङ्घन गरेको भन्ने आरोपलाई समितिले छुट्टै रूपमा जाँच गर्ने छैन।[26]

१०.११ अनुबन्ध अन्तर्गतको अधिकार उल्लङ्घन भएको सम्बन्धमा सम्पूर्ण व्यक्तिहरूलाई प्रभावकारी उपचारको सुनिश्चितता गर्ने दायित्व पक्ष राष्ट्रको रहेको भन्ने अनुबन्धको धारा २(३) सम्बन्धी उजुरीकर्ताहरूको आरोपका सम्बन्धमा मानव अधिकार उल्लङ्घनका दाबीहरूलाई सम्बोधन गर्न पक्ष राष्ट्रले उचित न्यायिक तथा प्रशासनिक संयन्त्रको स्थापना गर्नुपर्ने महत्त्व भएको कुराको टिपोट समितिले गरेको छ। समितिले अनुबन्धमा पक्ष राष्ट्रहरूको सामान्य कानुनी दायित्वहरूको प्रकृतिका सम्बन्धमा आफ्नो सामान्य टिप्पणी न. ३१(२००४) मा उल्लङ्घनका अभियोगको अनुसन्धान गर्न पक्ष राष्ट्र असफल भएमा सो बाट अनुबन्धको छुट्टै उल्लङ्घन भएको हुनेछ भनि समितिले उल्लेख गरेको छ। प्रस्तुत मुद्दामा, शर्मा थुनामा रहँदा वा थुनामुक्त भइसकेपछि पनि उनलाई प्रभावकारी उपचारको पहुँच नभएको कुरा समितिले जानकारीमा लिएको छ। शर्मा थुनामा परेका बेला उनको बारेमा जानकारी लिन शर्माकी पत्नी प्रहरी कार्यालय गएकी थिइन्। पछि उनले सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गरिन र राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी पनि दिइन्। उजुरीकर्ताको प्रयास, अनुसन्धान गर्न आयोगको सिफारिस, शर्माको थुना उनलाई बलपूर्वक बेपत्ता पारेको तथा उनलाई उचित क्षतिपूर्ति दिने सम्बन्धमा अनुसन्धान गर्न सर्वोच्च अदालतले दिएको निर्देशन आदिले कुनै उपलब्धि भएन। शर्मा पहिलो पटक थुनामा परेको ११ वर्षभन्दा बढी समय भइसक्दा पनि शर्माको थुना तथा

[25] See El Abani (El Ouerfeli) et al. v. Libyan Arab Jamahiriya (CCPR/C/99/D/1640/2007), para. 7.5.
[26] See Mandić v. Bosnia and Herzegovina (CCPR/C/115/D/2064/2011), para. 8.6.

उनलाई बेपत्ता पारिएको सम्बन्धमा पक्ष राष्ट्रबाट कुनै विस्तृत वा प्रभावकारी अनुसन्धान भएको छैन तथा शर्मा पीडित बनेको कसुरको आरोपितलाई न्यायको दायरामा ल्याउन कुनै फौजदारी अनुसन्धान गरेको छैन। शर्माले अन्तरिम राहतको रूपमा प्राप्त गरेको रू. १,००,००० उनी र उनकी पत्नीले भोग्नु परेको अधिकारको उल्लङ्घनको अनुपातमा उचित उपचार होइन। सोही अनुरूप, समितिसमक्ष प्रस्तुत तथ्यका आधारमा शर्माको सम्बन्धमा अनुबन्धको धारा २(३) का साथसाथै धारा ६(१), ७, ९ र १६, त्यस्तै शर्माकी पत्नीका सम्बन्धमा अनुबन्धको धारा २(३) का साथसाथै धारा ७ को उल्लङ्घन भएको भन्ने समितिको निष्कर्ष छ।

११. ऐच्छिक आलेखको धारा ५(४) अन्तर्गत रही समिति आफूसमक्ष प्राप्त जानकारीले पक्ष राष्ट्रले श्री शर्माको हकमा धारा ६,७,९ र १६ साथै धारा २(३) र श्रीमती शर्माको हकमा धारा (७) र साथै धारा २(३) को उल्लङ्घन गरेको निष्कर्ष निकालेको छ ।

१२. अनुबन्धको धारा २(३)(क) को प्रावधान अनुसार उजुरीकर्ताहरूलाई प्रभावकारी कानुनी उपचारको व्यवस्था मिलाउनु पर्ने पक्ष राष्ट्रको दायित्व हो। यस अन्तर्गत, अधिकार उल्लङ्घन भएका व्यक्तिलाई पक्ष राष्ट्रले पूर्ण क्षतिपूर्ति दिनु आवश्यक हुन्छ। सोही अनुरूप, पक्ष राष्ट्रले (क) शर्माको थुनामा भोगेका व्यवहारसँग सम्बन्धित तथ्यको विस्तृत र प्रभावकारी अनुसन्धान गर्ने; (ख) उल्लङ्घनमा जिम्मेवार भएकाहरूलाई अभियोजन, मुद्दाको कारबाही र सजाय दिएर सोको जानकारी सार्वजनिक गर्ने; (ग) उजुरीकर्तालाई सो अनुसन्धानको विस्तृत विवरण उपलब्ध गराउने: (घ) उजुरीकर्ताहरूलाई आवश्यक र पर्याप्त मनोवैज्ञानिक पुनर्स्थापना र चिकित्सा उपचारको प्रत्याभूति गर्ने र (ङ) उजुरीकर्ताले भोगेको पीडा बापत पर्याप्त क्षतिपूर्ति र सन्तुष्टिका उपयुक्त उपाय लगायतको प्रभावकारी परिपूरण गरिदिने। यस प्रकारका उल्लङ्घनका घटनाहरू भविष्यमा नघटुन् भनी रोक्ने दायित्व पनि पक्ष राष्ट्रको हुन्छ। पक्ष राष्ट्रले आफ्नो कानुनद्वारा विशेष गरी निम्न बमोजिम कुराहरू सुनिश्चित गर्नुपर्ने - (क) यातना, गैर न्यायिक हत्या तथा बलपूर्वक बेपत्ता पार्ने कार्य जस्ता गम्भीर मानव अधिकार उल्लङ्घनमा जिम्मेवारहरू उपर फौजदारी आभियोग गराउने व्यवस्था गर्ने; (ख) बेपत्ता पारिएको घटनाका सम्बन्धमा द्रुत, निष्पक्ष तथा प्रभावकारी उपचारको प्रत्याभूति गर्ने, (ग) यातनालाई परिभाषा गर्ने र अपराधीकरण गर्ने तथा कसुरको गम्भीरताको अनुपातमा सजाय तथा उपचारको व्यवस्था गर्ने; (घ) यातनाको घटनामा ३५ दिनको म्यादलाई अन्तरराष्ट्रिय मापदण्ड बमोजिम संशोधन गर्ने।

१३. ऐच्छिक आलेखको पक्ष राष्ट्र हुँदा पक्ष राष्ट्रले अनुबन्धको उल्लङ्घन भए नभएको यकिन गर्ने समितिको सक्षमता स्वीकार गरेको कुरालाई ध्यानमा राख्दै अनुबन्धको धारा २ बमोजिम पक्ष राष्ट्रले आफ्नो इलाकाभित्र वा आफ्नो क्षेत्राधिकार अन्तर्गत रहेका सबै व्यक्तिलाई अनुबन्धमा उल्लिखित अधिकार सुनिश्चित गर्ने कुरा र उक्त अधिकार उल्लङ्घन भएको स्थापित भएमा प्रभावकारी र कार्यान्वयनयोग्य उपचार उपलब्ध गराउने दायित्व स्वीकार गरेको छ।तसर्थ, समितिले दिएको राय कार्यान्वयन गर्ने सम्बन्धमा पक्ष राष्ट्रबाट अपनाइएका उपायहरूको बारेमा १८० दिन भित्र जानकारी प्राप्त गर्ने अपेक्षा गरेको छ। साथै, यी विचारहरूलाई प्रकाशन गर्न र पक्ष राष्ट्रका आधिकारिक भाषाहरूमा व्यापक रूपमा प्रचारप्रसार गर्न/गराउन पनि पक्ष राष्ट्रलाई समिति अनुरोध गर्दछ।